आज मिति २०८२ साल असोज महिनाको २७ गतेका दिन बिहान ८ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ८०औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीतः

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री रमेश पोखरेल | रोजगार संयोजक | |
| ३ | श्री बलराम श्रेष्ठ | का.स. | |

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ८०
मिति: २०८२/०६/२७
समय: बिहान ८ बजे
स्थान: नगरपालिकाको सभाहल

प्रस्तावहरु:

१. अघिल्लो का.पा. बैठकको समिक्षा सम्बन्धमा।
२. वातावरणीय प्रतिवेदन सम्बन्धमा।
३. मर्मत सम्भार कोष संचालन कार्यविधि सम्बन्धमा।
४. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
५. अर्थ मन्त्रालयबाट जारी भएको परिपत्रको कार्यान्वयन सम्बन्धमा।
६. संघ प्रदेश आयोजना साझेदारी सम्बन्धमा।
७. स्थानीय बिदा सम्बन्धमा।
८. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि संशोधन सम्बन्धमा।
९. उपल्लो नल्सी खानेपानी मर्मत सम्बन्धमा।
१०. दैनिक ज्यालादारी कर्मचारी सम्बन्धमा।
११. विभिन्न निवेदन सम्बन्धमा।

<u>निर्णयहरु:</u>

**निर्णय नं.(१)** प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०५/३० गते बसेको ७९औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.(२)** प्रस्ताव नं. २ माथि छलफल गर्दा एक्पोजर इन्जिनियरिङ्ग सर्भिस प्रा.लि. काठमाडौं नेपालले स्वर्गद्वारी नगरपालिका वडा नं. ३ मा पर्ने जलुके जारीखोला हुदै डाडाखर्क स्वर्गद्वारी मोटरबाटो निर्माणका लागि तयार पारी पेश गरेको वातावरणीय परीक्षण(IEE) प्रतिवेदनको मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.(३)** प्रस्ताव नं. ३ माथि छलफल गर्दा मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२ सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.(४)** प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८२/०६/०७ र संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८ गतेको परिपत्र अनुसार यस नगरपालिकाको स्वीकृत दरबन्दी भन्दा बाहेकका कर्मचारीहरुको करार सम्झौता म्याद थप नगर्ने साथै स्वीकृत दरबन्दी भन्दा बढी रहेका करार सेवाका कर्मचारीहरु कनिष्ठता र योग्यताक्रमको आधारमा सेवाबाट हटाउने तर स्वीकृत दरबन्दीका करार सेवाका कर्मचारीहरु, संङ्घीय अनुदानबाट तलब भत्ता लिने बर्थिङ सेन्टरका नर्सिङ कर्मचारीहरु, आधारभूत स्वास्थ्य सेवा, २०७५ बमोजिम आधारभूत स्वास्थ्य सेवा

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

केन्द्रका कर्मचारीहरु, संघीय तथा प्रदेश अनुदानका सबै कर्मचारीहरु, नगर प्रहरी र कार्यालय सहयोगीहरुको हकमा आगामी तीन महिनाको लागि करार सम्झौता नवीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा** नेपाल सरकार अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८ गतेको परिपत्र अनुसार यस नगरपालिकाको १३औं नगरसभाबाट बजेट विनियोजन भएतापनि स्वास्थ्य बीमा शुल्क, विद्युत महशुल भुक्तानी लगायतका वितरणमुखी कार्यक्रम संचालन नगर्ने सर्वसम्मत गर्ने निर्णय गरियो।

**निर्णय नं.(६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा** आ.व. २०८२/०८३ मा संघ तथा प्रदेश सरकारको अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रममा निर्माण हुने संरचना सम्पन्न वा उपयोग गर्न मिल्ने बनाउन विनियोजित रकम अपुग हुने भएमा बढीमा १५ प्रतिशत रकम नगरपालिकाको स्रोतबाट व्यहोर्ने गरी लागत साझेदारी गरी सञ्चालन गर्ने, यसरी साझेदारी गर्दा थपिने आर्थिक दायित्व निर्णय नं. ४ र ५ बाट बचत हुने रकमबाट व्यहोर्ने साथै अगामी हिउदे नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो।

**निर्णय नं.(७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा** शुभ दिपावलीको अवसरमा यही मिति २०८२ कातिक महिनाको ९ गते १ दिन स्थानीय बिदाबाट कट्टी हुने गरी यस स्वर्गद्वारी नगरपालिका, मातहतका शाखा कार्यालय, शिक्षण संस्था, स्वास्थ्य संस्था(अत्यावश्यक सेवा बाहेक) सार्वजनिक बिदा दिने निर्णय गरियो।

**निर्णय नं.(८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा** शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि संशोधन सम्बन्धमा थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं.(९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिका वडा नं. ७ मा रहेको उपल्लो नल्सी खानेपानी योजना प्राविधिक लागत अनुमान अनुसार पालिकाको मर्मत सम्भार कोषबाट खर्च हुने गरी रु ७०,०००/- अक्षरुपी सत्तरी हजार रूपैयाबाट मर्मत गर्ने निर्णय गरियो।

**निर्णय नं.(१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा** यस कार्यालयको व्याकहो लोडर सञ्चालनार्थ एक जना अपरेटर, एक जना सहयोगी र बोलेरो सञ्चालनार्थ एक जना बोलेरो जीप चालकलाई शनिवार, बिदाको समय, बिहान, बेलुका समेत काममा लगाउनुपर्ने भएकोले निजहरुको सन्दर्भमा मासिक हाजिरी विवरणको आधारमा जिल्ला दररेट अनुसार मासिक रुपमा तलवभत्ता भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.(११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा** विभिन्न समयमा यस कार्यालयमा प्राप्त निवेदनहरुलाई तपशिल बमोजिमको निर्णय गरियो।

| क्र.स. | नामथर | ठेगाना | विषय | निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनिषा घर्ति मगर | स्व.न.पा-४ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु २० हजार दिने। | |
| २ | दुर्गा वि.क. | स्व.न.पा-७ | सहयोग पाँउ भन्ने बारे। | आर्थिक सहायता शीर्षकबाट रु २(दुई) हजार दिने। | |

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विर्खे सुनार | स्व.न.पा-७ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु २(दुई) हजार दिने। | |
| ४ | बालाराम परियार | स्व.न.पा-४ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु १० हजार दिने। | |
| ५ | रंजित खड्का | स्व.न.पा-४ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु १० हजार दिने। | |
| ६ | अखिल नेपाल जनजाती सम्मेलन(निम बहादुर बुढाथोकी मगर) | केन्द्रिय कार्यालय काठमाडौं | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु १५ हजार दिने। | |
| ७ | निराजन श्रेष्ठ | स्व.न.पा-४ | आवश्यक क्षतिपुर्ति सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु १० हजार दिने। | |

**निर्णय नं.(१२)** प्रस्ताव नं. ११ माथि छलफल गर्दा निवेदक मदन कुमार पोखेल(स्व.न.पा-३) सन्दर्भमा नगरपालिकाको विभिन्न स्थानमा निजले निवेदनमा उल्लेख गरेको व्यहोरासँग मिल्ने गरी सरकारी/सार्वजनिक र गौचरण प्रकृतिका जग्गामा घरबास बनाइ विभिन्न व्यक्तिहरु बसीरहेको अवस्था विद्यमान रहेको र हाल पालिकामा भु वर्गीकरण कार्य भइरहेकाले निजको निवेदनसँग मिल्ने र अन्य प्रकृतिका जग्गा संरक्षण सम्बन्धी समस्यालाई एकमुष्ठ रुपमा नीतिगत निर्णय गरी समाधान गर्नुपर्ने भएकोले हाललाई निजको निवेदनलाई यथास्थितिमा राखे निर्णय गरियो।

अन्त्यमा आजको ८०औं कार्यपालिका वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

...............................

(केशवराज भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका
२०७१